महालेखापरीक्षकको बार्षिक प्रतिवेदन

२०७८

लुङ्ग्री गाउँपालिका, रोल्पा ।

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल ।

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नंः-४० मितिः २०७८।५।४

श्री अध्यक्ष ज्यू,
लुङ्ग्री गाउंपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

विषयः - लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थ
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंह दरबार काठमाडौ - प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं:४०

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,

लुङ्ग्री गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले लुङ्ग्री गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय- व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु २ करोड ५३ लाख ७५ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु. १३ लाख ३३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१३ लाख ७५ हजार नियमित गर्नुपर्ने रु. २ करोड २६ लाख ६७ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।१।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्छ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९ (उनन्तीस) यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

लुङ्ग्री गाउंपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न लुङ्ग्री गाउपालीकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो। लुम्बिनी प्रदेशको रोल्पा जिल्लामा अवस्थित यो गाउँपालीका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, १३५.२३ व.की.मी. क्षेत्रफल र २३६३१ जनसंख्या रहेको छ।

स्थानीय सञ्चितकोष - आर्थिक बर्ष २०७६/७७ को सञ्चित कोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	**रकम**	**रकम**		**विवरण**	**रकम**	**रकम**
१.	**गत बर्षको जिम्मेवारी**		१९४४२७६४	१	**चालु खर्च**		१६४२५९३१४
	क) बैङ्क	१९४४२७६४		२	**पूँजीगत खर्च**		१०६०२५१४८
२.	**राजश्व (आन्तरीक आय)**		५६७२५४८२.८४	३	**शशर्त अनुदान फिर्ता**		४५२६०८६६
	आन्तरिक राजश्व	१००९३७६.८४		४	**वित्तिय व्यवस्था भुक्तानी**		
	राजश्व बाँडफाँड	५५५६७२१४.५४		५	शेयर लगानी		
	अन्य आय	१४८८९१.४६		६	**विषयगत निकायबाट प्राप्त खर्च**		६६३३७६७१
३.	**वित्तिय हस्तान्तरण**		२३००१९०००	७	**धरौटी फिर्ता**		५७६८६७
	क) वित्तिय समानिकरण अनुदान	८७५०००००		८	**जनसहभागिता खर्च**		२३०००००
	ख) सशर्त अनुदान	१३१२६९०००		९	**मौज्दात**		२९०२२८७२.८४
	ग) समपुरक अनुदान	११२५००००			क) नगद मौज्दात	१००९३७६.८४	
४.	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३७६०१०००		ख) बैङ्क मौज्दात	२७२३३५४२	
	क) वित्तिय समानिकरण अनुदान	४१५१०००			ग) धरौटी खाता	७७९९५४	
	ख) सशर्त अनुदान	८००००००					
५.	ग) समपुरक अनुदान	११२५००००					
	घ) विशेष अनुदान	१४२०००००					
६.	**विषयगत निकायबाट प्राप्त**		६६३३७६७१				
७.	**जनसहभिगता (नगद)**		२३०००००				
८.	**धरौटी आय**		१३५६८२१				
	जम्मा		४१३७८२७३८.८४		**जम्मा**		४१३७८२७३८.८४

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
१.	**आय विवरण —** कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणको तयारी तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षणमा पेश भएन। कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्;	
१.१.	संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तीको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ ।	
१.२.	**घटी जिम्मेवारी सारेको —**गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोष मौज्दात रु. २,०१,७२,८२७।— रहेकामा कार्यालयले यसवर्ष रु.१,९३,०९,९४४।— मात्र जिम्मेवारी सारेकोले रु. ८,६२,८८३।— घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.	८६२८८३।-
१.३.	संचित कोष खातावाट खर्च खाताहरुमा रकम ट्रान्सफर गर्ने तथा खर्च खातामा निकासा आम्दानी जनाएर मात्र खर्च गर्नुपर्नेमा संचित कोषको रकम सिधै चेक काटी खर्च लेखेको छ।	
१.४.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ अनुसार एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय सञ्चित कोषमा फिर्ता गरी खर्च खाता शुन्य गर्नुपर्ने व्यवस्था विपरित गाउँपालिका पूँजीगतमा रु. ५१,३५,६४२।-, गाउँपालिका चालु शिर्षक तर्फ चालु खर्च खातामा रु.३२,५७,०८७।-, शिक्षा तर्फ रु. १,३०,८०८।- , कृषि तर्फ रु.१७,४३,८७६।-, पशुतर्फ रु.४६,९९६।- वालबालिका तर्फ रु.१०,१८,५७४।- बहुक्षेत्रीय पोषण तर्फ रु.१,०९,२४५।- समेत रु.१,१४,४२,२२८।- खर्च खातामा मौज्दात रहेको देखिएकोले ऐनको पालना गरेको देखिएन। यसमा सुधार हुनुपर्दछ।	
१.५.	कार्यालयले कारोवारको लेखाँङ्कन गर्दा आम्दानी र खर्चको हिसाव यथार्थ देखिने गरी लेखाँङ्कन गर्नुपर्दछ।बैंक नगदी किताव अनुसार संघीय सरकार हस्तान्तरीत चालु तर्फ यसवर्ष रु.९,८०,३०,९१४।- खर्च भै रु.१२,१६,२२२।- मौज्दात देखिएकोमा रु.६,०२,६१,१०३।- मात्र निकासा आम्दानी देखाएकोले कारोवारको लेखाँकन यथार्थपरक देखिएन, आम्दानी तथा खर्चको हिसाव यथार्थ देखिने गरी लेखाँङ्कन गरिनुपर्दछ।	
१.६.	**फिर्ता रकम —** श्रोतगत आम्दानी अनुसार संघिय सरकार सशर्त अनुदान रु. १३,१२,६९,०००।- र प्रदेश सरकार सशर्त, विशेष र समपुरक शिर्षकमा रु. ३,३४,५०,०००।- आम्दानी भएको र श्रोतगत खर्च र बैंक नगदी किताव अनुसारको खर्च क्रमशः रु. १०,९२,७०,८६५।- र रु. १,२६,९०,२६९।- भई क्रमशः रु. २,१९,९८,१३५।- र रु. २,०७,५९,७३१।- रही दुवै श्रोतको रु. ४,२७,५७,८६६।- मौज्दात रहेकोमा कार्यालयले बिभिन्न भौचरवाट रु. ४,५२,६०,८६६।- फिर्ता दाखिला गरेको छ ।	
१.७.	**खर्च हिसाव मिलान —** कार्यालयले पेश गरेको शिर्षकगत आर्थिक विवरण अनुसार आर्थिक वर्ष २०७६।७७ को चालु तर्फ रु.१६,१५,९९,८१५।— र पूँजिगत खर्च रु. १०,४७,५५,१४८।- समेत रु.२६,६३,५४,९६३।- रहेको छ। तर एकिकृत आय व्यय विवरणमा चालु खर्च रु.१६,४२,५९,३१४।— र पूँजिगत खर्च रु.१०,६०,२५,१४८।- समेत रु.२७,०२,८४,४६२।- देखिएकोले खर्च हिसावमा रु.३९,२९,४९९।- फरक परेको सम्बन्धमा खर्च हिसाव मिलान विवरण पेश हुनुपर्दछ ।	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
१.८.	सञ्चित कोष र अन्य खर्च शिर्षकहरुको बैङ्क नगदी किताब कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित गर्ने गरेको छैन।	
१.९.	**सञ्चित कोषको चौमासिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।	
१.१०.	**एकिकृत आय-व्यय विवरण** - कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना हुने गरेको देखिएन । जस्तै कार्यालयको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन । संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।	
२.	**आन्तरिक नियन्त्रण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ—आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कायालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् : क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन, ख) **आर्थिक विवरण** — आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७८ बैशाख) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ, ग) विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमहरु बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित रहेको पाईयो, घ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, ङ) कार्यालयले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो, च) जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन, छ) खरिद भएका कतिपय सामानहरूको दाखिला प्रतिवेदन फाराममा दाखिला नं. राख्ने नगरेको, ज) लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४८(१) अनुसार खरिद भएका जिन्सी मालसामानको विवरण र मूल्य खुलाई जिन्सी किताबमा सातदिन भित्र आम्दानी बाँधी स्रेस्ता अद्यावधिक राखुपर्नेमा अधिकांश खरिद भएका जिन्सी मालसामानहरुको स्पेशिफिकेशन नखुलाई जिन्सी दाखिला गर्ने गरेको,	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु		रकम
	झ)	जिन्सी किताबमा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेमा नगरेको,	
	ञ)	कार्यालयले ग्याविन वर्कको कार्य गर्दा ग्याविनको स्पेशिफिकेशन खुलाएको छैन। सो कार्यमा हेभिकोटेट ग्याविन प्रयोग भएको भने पनि हेभिकोटेट वा कमर्शियल कोटेट ग्याविन सम्बन्धमा एकिन गर्न सकिएन।	
	ट)	भुक्तानीमा इ-टिडिएस मार्फत करकट्टि गरेको छैन,	
	ठ)	कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँज गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,	
	ड)	ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,	
	ढ)	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसबर्ष कार्यसम्पन्न भएका विभिन्न योजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,	
	ण)	संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कार्यालयबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाईएन,	
	त)	वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन,	
	थ)	सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा १४ र १९ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन,	
	द)	मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन,	
	ध)	**कार्यविवरण** — कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन,	
	न)	**अभिलेख** — कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन,	
	प)	कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको,	
	फ)	निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राखुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो। अतः योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन,	
	ब)	राजश्वको शीर्षकगत आर्थिक विवरण तयार गरेको छैन,	
	भ)	जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको,	
	म)	कार्यालयले यो बर्ष कर्मचारी पारिश्रमिकमा रु.१,१२,२४,९६७।—खर्च गरेकोमा नियमानुसार तलवि प्रतिवेदन पारित गरेको छैन,	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	य) कार्यालयले यस बर्ष इन्धनमा रु. १५,७४,४७१। खर्च गरेकोमा सवारी लगबुक तयार गरी राखेको छैन, कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण कार्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ। यस सम्वन्धमा क्रमशः सुधार गर्दै जाने कार्यालयको भनाई रहेको छ।	
	बजेट तथा कार्यक्रम तर्फ	
३.	**राजश्व परामर्श —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेतको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । राजश्व परामर्श समितिको बैठक २०७६ जेठ १७ र २४ मा बसेकोमा राजश्वको दर, क्षेत्र नतोकि अनुमानित राजश्व आय रु.२० लाख अनुमान गरी श्रोत अनुमान समतिलाई सिफारीस गरे पनि राजश्वको आय रु.१०,०९,३७६।— देखिएकोले राजश्वको अनुमान यथार्थ परक देखिएन यसमा सुधार हुनुपर्दछ ।	
४.	**स्रोत अनुमान समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । स्रोत अनुमान समितिको बैठक २०७६।२।२४ मा बसी रु.१७ करोड ७३ लाखको सिमा निर्धारण गरेको छ । बजेट सिमा निर्धारण गर्दा सवै श्रोतको अनुमान नगरेको, वडामा बजेट सिलिङ नपठाएको अवस्था देखिंदा ऐनको भावना अनुरुप श्रोत अनुमान समितिले कार्य गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।	
५.	**बजेट तर्जुमा —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । बजेट तर्जुमा समितिको वैठक तथा निर्णय लेखापरीक्षणमा पेश नभएकोले यस सम्बन्धमा विश्लेषण गर्न सकिएन।	
६.	**बजेट तथा अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गरिसक्नु पर्ने र दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । पालिकाले २०७६।५।९ मा नीति, कार्यक्रम र बजेट प्रस्तुत गरी सोही दिन रु.४१,१७,७०,३६७।— को बजेट पारीत गरेको छ। बजेट कार्यान्वयनको लागी २०७६।६।८ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ । ऐनले तोकेको अवधि भित्र बजेट प्रस्तुत गरी पारित गरेको छैन । ऐनले तोकेको अवधिभित्र बजेट पारित हुनुपर्दछ ।	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>७.</td><td>चौमासिक खर्च — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा कूल खर्च रु. १० करोड ६० लाख २५ हजार मध्ये तेश्रो चौमासिकमा रु.९ करोड ७२ लाख २७ हजार र आषाढ महिनामा रु.८ करोड ११ लाख ८६ हजार खर्च भएको पाइयो । तेस्रो चौमासिकमा कूल खर्चको ९१.७०% र आषाढमा ७६.५७% खर्च भएको देखियो। आर्थिक बर्षको अन्त्यमा मात्र कार्य हुने र त्यसरी काम गर्दा अनुगमन तथा मूल्यांकन गर्न समय कमभै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>८.</td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२०२४९०००</td><td>१४८९९८८८</td><td>५.५८</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>९४७९१८६४</td><td>६२६१८४४४</td><td>२३.४६</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>१५००३५५००</td><td>१२१४३३४१९</td><td>४५.४९</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०.००</td></tr>
<tr><td></td><td>संस्थागत विकास,सेवा प्रवाह र सुशासन</td><td>०</td><td>०</td><td>०.००</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>८३६०९५००</td><td>६७९८३३१७</td><td>२५.४७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३४८६८५८६४</td><td>२६६९३५०६८</td><td></td></tr>
</table>
विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४५.४९ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ५.५८ प्रतिशत खर्च भएको छ । कार्यालयले बातावरण तथा विकास र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा बजेट विनियोजन गरेको छैन ।</td><td></td></tr>
<tr><td>९.</td><td>खर्च बिश्लेषण - गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १० लाख ९ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ३८ करोड ९६ लाख ७४ हजार समेत रु. ३९ करोड ६ लाख ८३ हजार आम्दानी भएकोमा चालु तर्फ रु. १६ करोड ४२ लाख ५९ हजार र पूँजिगत तर्फ रु. १० करोड ६० लाख २५ हजार समेत रु. २७ करोड २ लाख ८४ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ५७ लाख ७६ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५७२.१५ प्रतिशत रहेको छ ।गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.७७ प्रतिशत चालु, र ३९.२३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१०.</td><td>लक्ष्य प्रगति — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्र स्तरीय आयोजनामध्ये सबै आयोजनाको तोकिए बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तिकएको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
११.	**वडा सचिवको पदपूर्ति -** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी संख्या ७ रहेकोमा ४ पदपूर्ति भई ३ रिक्त रहेको छ । रिक्त पदको पदपूर्ति गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
१२.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।	
१३.	**सेवा प्रवाह —** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण, खुलाई नागरिक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष २३८५ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन । जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।	
	कानुन निर्माण एवं कार्यान्वयन	
१४.	**कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म बनेका ५ ऐन, २ नियमावली, १३ कार्यविधि ४ अन्य कानुन लगायतका २४ कानुनहरू निर्माण गरी ९ वटा कानुन स्थानीय राजपत्रमा प्रकाशन गरेको छ भने १५ कानुनहरु राजपत्रमा प्रकाशित गर्न बाँकी रहेको विवरण पेश गरेको छ । राजपत्रमा प्रकाशन गरेर मात्र कानुन कार्यान्वयनमा ल्याउनुपर्दछ ।	
१५.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष कुल ६ विवाद दर्ता भएकोमा ३ वटा फछ्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>आन्तरिक लेखापरीक्षण — आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। कार्यालयमा आन्तरीक लेखापरीक्षण शाखा रहेता पनि चौमासिक रुपमा लेखापरीक्षण भएको छैन। चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>१७.</td><td>पदाधिकारी सुविधा - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ ।लुम्बिनी प्रदेश सरकारले ऐन संशोधन गरी मिति २०७७।२।३२ मा पारित गरेको ऐनको अनूसूचिमा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ। पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा २०७६ श्रावण भाद्र र आश्विन महिनाको रु.१२,७५,०००।- खर्च लेखेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>स्थानीय तहका पदाधिकारी सुविधा - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ४५,००,५००।- सुविधा वापत भुक्तानी भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>अध्यक्ष</th><th>उपाध्यक्ष</th><th>वडाअध्यक्ष ७ जना</th><th>कार्यपालिका सदस्य ७ जना</th><th>सभाका सदस्य २२ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>यातायात खर्च</td><td>१०८०००</td><td>१०८०००</td><td>६३००००</td><td>३७८०००</td><td>५९४०००</td><td>१८१८०००</td></tr>
<tr><td>२</td><td>टेलिफोन,मोबाइल</td><td>३१५००</td><td>२७०००</td><td>१८९०००</td><td>१८९०००</td><td>४९५०००</td><td>९३१५००</td></tr>
<tr><td>३</td><td>पुस्तक,पत्रीका,ईन्टरनेट</td><td>३६०००</td><td>३६०००</td><td>१८९०००</td><td>१८९०००</td><td>३९६०००</td><td>८४६०००</td></tr>
<tr><td>४</td><td>अतिथि सत्कार</td><td>५४०००</td><td>४५०००</td><td>२५२०००</td><td>०</td><td>०</td><td>३५१०००</td></tr>
<tr><td>५</td><td>खानेपानी/बिजुली/सरसफाई</td><td>४५०००</td><td>४५०००</td><td>१२६०००</td><td>०</td><td>०</td><td>२१६०००</td></tr>
<tr><td>६</td><td>चाडपर्व खर्च</td><td>१५०००</td><td>१५०००</td><td>८४०००</td><td>७००००</td><td>१५४०००</td><td>३३८०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२८९५००</td><td>२७६०००</td><td>१४७००००</td><td>८२६०००</td><td>१६३९०००</td><td>४५००५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.</td><td>विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान गर्दा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष विविधतर्फ रु. ४०,९५,९०५।- खर्च गरेको छ। अनुत्पादक खर्च नियन्त्रण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>२०.</td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यसवर्ष कार्यालयले रु. ६५,०००।- आर्थिक सहायता वितरण गरी खर्च लेखेको छ। आर्थिक सहायता वितरण कार्यविधि नबनाई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>अनुदान फिर्ता, वितरण र उपयोग</td><td></td></tr>
<tr><td>२१.</td><td>लाभग्राही छनौट तथा कृषि बीउ परीक्षण - गाउँपालिकाले मापदण्ड कार्यविधि तयार गरी अनुदान पाउने कृषकको छनौट गर्नु पर्दछ । कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पुऱ्याउन सक्ने योगदान, गत विगतमा गाउँपालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरेको भए सो समेतलाई आधार लिई वस्तुनिष्ट आधार तयार गरी प्रस्तावकहरु मध्येबाट उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नु पर्ने र उपलब्ध हुने कृषि बिउबिजन तथा पशुहरुको क्वारेन्टाइन परिक्षण गरी कृषकलाइ उपलब्ध गराउनुपर्नेमा लाभग्राही छनौट गर्दा छनौटको आधार नखुलाएको र कृषि बिउ बिजन तथा पशुहरुको क्वारेन्टाइन परीक्षण नगराएकोले वस्तुनिष्ट मापदण्ड तथा कार्यविधिको आधारमा लाभग्राही छनौट गरी कृषि बिउबिजन तथा पशुहरुको क्वारेन्टाइन परीक्षण गरी मात्र कृषकलाइ उपलब्ध गराउनु पर्दछ साथै बितरित कृषि विउ विजन, विरुवा र पशुपंक्षिको प्रभाबकारी उपयोग गरी प्राप्त उपलब्धि अनुगमन गरी अभिलेख गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२२.</td><td>वितरणमुखी कार्यक्रम — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान नगरी विना आधार र समूहको सिफारीस वेगर दामासाही वितरण गरेको, वितरण गर्दा व्यक्तिको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखेको, वितरित सामानको दिगो उपयोगको व्यवस्था नमिलाई व्यक्ति तथा संस्थालाई बस्तुगत अनुदान वितरण गर्ने कार्य उचित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>सहयोगको विवरण</th><th>अनुदान रकम</th></tr>
<tr><td>६-२०७७।२।१३</td><td>विद्यार्थीहरुको लागि ३८० थान रेडियो र व्याट्रि वितरण</td><td>३१७३६८</td></tr>
<tr><td rowspan="2">२१-२०७७।३।३१</td><td>ग्रामिण विकास कार्यक्रम अन्तर्गत १-५ का विद्यालयहरुमा फर्निचर वितरण मुख्यमन्त्री</td><td>७७१४५०</td></tr>
<tr><td>विद्यालयहरुमा शैक्षिक सुधार र बसाई व्यवस्थापन</td><td>१००००००</td></tr>
<tr><td>१२८/२०७६/११/१६ गा.पा चालु</td><td>खेलकुद सामग्री</td><td>२०००००</td></tr>
<tr><td>३११/२०७७/३/१६ गा.पा चालु</td><td>वोयर बोका वितरण</td><td>२४९६००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५३८४१८</td></tr>
</table></td><td>२५३८४१८/-</td></tr>
<tr><td>२३.</td><td>महोत्सव तथा अन्य खर्च - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.३,२९,०६०।- खर्च गरेको छ । यस प्रकारका अनुत्पादक खर्च कम गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td></td><td>योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा</td><td></td></tr>
<tr><td>२४.</td><td>निर्माण कार्यको गुणस्तर — खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलव्ध गराउनु पर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी गुणस्तर प्रक्रिया संचालन गर्नुपर्ने उल्लेख भएतापनि योवर्ष गाउँपालिका कोष</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>पूँजीगतवाट रु. १० करोड ६०लाख २५ हजार पुँजीगत खर्च गरेकोमा कुनैपनि योजनाको गुणस्तर परीक्षण गरेको पाईएन। निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ।</td><td></td></tr>
<tr><td>२५.</td><td>कार्यालयले प्राविधिक ज्ञानसिप र क्षमता आवश्यक भएका र जटिल प्रकृतिका हेभि उपकरणहरु आवश्यक पर्ने विकास निर्माणका कार्यहरु ठेक्का मार्फत गर्नुपर्नेमा यस बर्ष कुनै पनि विकास निर्माणका कार्यहरु ठेक्का मार्फत गरेको छैन।</td><td></td></tr>
<tr><td>२६.</td><td>कन्टिन्जेन्सी खर्च अभिलेख - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएतापनि कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी नराखेकोले कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>२७.</td><td>खरिद कारवाही अभिलेख — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२८.</td><td>वडा कार्यालयबाट खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा वडा कार्यालयको लागि आवश्यक सामग्री खरिद गर्दा वडा कार्यालय आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने, वडामै जिन्सी दाखिला भएको भनी विल भुक्तानीको लागि माग गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखियो । बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको सामग्री जिन्सी आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकिकृत जिन्सी अभिलेख तयार भएको देखिएन। बजेट संचालन नगर्ने निकायवाट खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>गौ.भौ.न मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४४/२०७६-८-१२</td><td>मसलन्द तथा कार्यालय सामग्री वडा न.१</td><td>४४३००</td></tr>
<tr><td>४५/२०७६-८-१२</td><td>मसलन्द तथा कार्यालय सामग्री वडा न.७</td><td>३९७४०</td></tr>
<tr><td>५५/२०७६-८-१२</td><td>मसलन्द तथा कार्यालय सामग्री वडा न.३</td><td>३६८५०</td></tr>
<tr><td>५६/२०७६९/३</td><td>मसलन्द तथा कार्यालय सामग्री वडा न.२</td><td>३४५५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१५५४४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९.</td><td>योजना छनौट र विनियोजन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय'व्ययको अनुमान साथ गतवर्षको वास्तविक आय व्यय, चालु</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय'व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ । त्यस्तै ऐनको दफा १९ मा सभाको बैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्था समेत गरेको छ । जस अनुसार आषाढको सभाले बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने कानूनको मनसाय र संघीय सरकारको प्रचलन समेत रहेको छ । कार्यपालिको शिफारीस अनुसार बसेको नवौं सभाको मिति २०७६।९।२९ बैठकले मौज्दात रकम वाट १९ योजना कार्यक्रममा रु. ४४,००,०००।— र २०७६।१०।१२ को बैठकले २९ वटा साविकका योजनालाई परिवर्तन गरी रु. ६७,५७,५००।— का नयाँ योजना तथा कार्यक्रम पारित गराएको देखियो ।योजना तर्जुमा गर्दा योजना छनौटका प्रक्रिया पूरा नगरी कार्यक्रम तथा योजना कार्यान्वयन गराई हिउँदे सभावाट अनुमोदन गर्न पूरक बजेट तथा कार्यक्रम समर्थन गराउने गरेको पाईयो । योजना छनौटका प्रक्रिया पूरा गरी असारको सभाले मात्र योजना तथा कार्यक्रम पारित गराउने तर्फ ध्यान जानुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३०.</td><td>योजना छनौट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६।७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाख देखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>२२</td><td>४०</td><td>५१</td><td>४१</td><td>२३</td><td>१७७</td></tr>
</table>
गाउँपालिकाले यसबर्ष १७७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका २२ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
<tr><td>३१.</td><td>सवारीसाधन खरिद — स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चार पांग्रे सवारी साधन खरिदमा रु. ४४,०१,०००।—समानिकरण अनुदानबाट खर्च गरेको छ।</td><td></td></tr>
<tr><td>३२.</td><td>उपभोक्ता समितिको कार्य — सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>३३.</td><td>गाउँपालिका पूँजीगत तर्फ यसवर्ष रु. ८,४३,९२,०२२।- खर्च भएकोमा सवै योजना उपभोक्ता समिति मार्फत संचालन भएको छ। लागत अनुमान तयार गर्दा र सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्ने अंश २० प्रतिशत रहेकोमा कुनै पनि योजनामा उपभोक्ता समितिले श्रमदान गरेको देखिएन। श्रमदान नगरेको अवस्थामा नगद सहभागिता पनि भएको छैन। उपभोक्ता समितिले जिम्मा लिएको सवै सडकको निर्माण सम्बन्धी काम निर्माण व्यवसायीवाट गराएको र आधा रकम डोजर भाडा र आधा रकम इन्धनको विल राखी लागत अनुमानकै हाराहारीमा विल राखी सोही आधारमा मूल्याँकन तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी खर्च लेखेको छ। कार्यालयसंग उपभोक्ता समितिले सम्झौता गरी जिम्मा लिएको काम आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने कार्यको अन्त्य हुनुका साथै उपभोक्ताको श्रम वा लागत सहभागीता देखिने गरी कार्य हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>मेशिन प्रयोग गरी कार्य — सार्वजनिक खरिद ऐन बमोजिम उपभोक्ता समिति मार्फत गरिने कार्यमा हेभी इक्यूपमेन्ट प्रयोग गरी कार्य गराउन नहुने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने भनी उल्लेख भएकोमा र प्राविधिक सिफारीसमा सार्वजनिक निकायको सिफारीस लिएर मात्र प्रयोग गर्न सकिनेमा नमुना छनौट गरी परीक्षण गरिएका योजानहरु मध्ये निम्नानुसारका योजनाहरुमा कार्यालयले लागत अनुमान तयार गर्दा जटिल भनी निर्धारण नभएको र सार्वजनिक निकायको स्वीकृती विनानै हेभी इक्यूपमेन्ट प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी दिएको देखियो । कार्यालयले ऐनको विपरित हुने गरी लागत अनुमानमा नै मेशिनरी दर प्रयोग गरी उपभोक्ता समिति मार्फत कार्य गराउने प्रचलनको अन्त्य हुनुपर्दछ।
<table>
<tr><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>पालिकाले व्यहोर्ने अनुदान</th><th>उपकरण र इन्धनको लागत</th></tr>
<tr><td>किलाचौर गर्मी एयरपोर्ट मोटरवाटो</td><td>१२०५३५३</td><td>१००००००</td><td>१२५९४५७</td></tr>
<tr><td>सुलिचौर जुतुङखोला सिम्लेनी सिमिगिठा मो.बा</td><td>८७५४५६</td><td>७०००००</td><td>८७५४५७</td></tr>
<tr><td>चिउधार राजुफेद गौडा मो.वा</td><td>१००३२४७</td><td>८०००००</td><td>९९३६८०</td></tr>
<tr><td>छिउदर देखि सुसेली खोला डवल कटिङ</td><td>७८७४६५</td><td>६५००००</td><td>७८६७३०</td></tr>
<tr><td>धौखोला दिम्स मो.वा.</td><td>१६८४७६८</td><td>१४०००००</td><td>१६८४७६८</td></tr>
<tr><td>राजथर भिरगाउँ पागँ मोटरवाटो</td><td>१२०२२३८</td><td>१००००००</td><td>१२०२२८३</td></tr>
<tr><td>दाइवाङ फेद देखि हक्तवाङ मो.वा</td><td>१२०३३७५</td><td>१००००००</td><td>१२०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५.</td><td>निर्माण व्यवसायीको प्रयोग — सार्वजनिक खरिद ऐन, २०६४ को दफा ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरवाट गराउन नसकिने व्यवस्था छ। कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका अधिकांश योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग काम गराई कार्यालयको लागत अनुमान बरावरनै निर्माण व्यवसायीको डोजर र इन्धनको विल राखी भुक्तानी लिने गरेको देखियो। नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको लागत अनुमान वरावरको कामको निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले श्रम योगदान नगरेवाट केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेकोमा निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	गर्ने गरेको देखिएको रु.	८८४४४४९/-

भौ.नं. मिति	योजनाको नाम	लागत अनुमान	कार्यालयले व्यहोर्ने रकम	प्राविधिक मूल्यांकन	भुक्तानी	निर्माण व्यवसायीको नाम	निर्माण व्यवसायी को विल रकम
६-०७६/९/२८	ऐंपे शिवमन्दीर भैवाङ मो.वा.	७२५५८९	६०००००	७२३६२९	६०००००	तिर्सना निर्माण सेवा र सोनु फ्यूल सेन्टर	७२००५७
७-०७६/९/२८	मादर गैरथोक रहिचर गोहोमण्डलीथान रापमानी मो.बा	९६७७८५	८०००००	९६५२८५	८०००००	तिर्सना निर्माण सेवा र सोनु फ्यूल सेन्टर	९६००७६
९-०७६/१०/१२	छिउदर देखि सुसेलीखोला मो.बा	१०८२३०६	९०००००	१०८१६४६	९०००००	तिर्सना निर्माण सेवा र सोनु फ्यूल सेन्टर	१०९०८००
२०-०७६/१२/२	बडाचौर पिपलचौर वलाले मो.वा	१२११४००	१००००००	१२००२०४	९८८०४	तिर्सना निर्माण सेवा र सोनु फ्यूल सेन्टर	११२५४००
२८-०७७/२/६	किलाचौर गर्मी एयरपोर्ट मोटरवाटो	१२०५३५३	१००००००	१२०५३५५	१००००००	तिर्सना निर्माण सेवा र सोनु फ्यूल सेन्टर	१२५९४५७
३२-०७७/२/२२	सुलिचौर जुतुङखोला सिम्लेनी सिमिगिठा मो.बा	८७५४५६	७०००००	८७५४५६	७०००००	जि.आर.वि. निर्माण सेवा र सोनु फ्यूल सेन्टर	८७५४५७
३३-०७७/२/२२	चिउधार राजुफेद गौडा मो.वा	१००३२४७	८०००००	१००५४६०	८०००००	जि.आर.वि. निर्माण सेवा र सोनु फ्यूल सेन्टर	९९३६८०
४३-०७७/३/९	छिउदर देखि सुसेली खोला डवल कटिङ	७८७४६५	६५००००	७८६२९८	६५००००	तिर्सना निर्माण सेवा र सोनु फ्यूल सेन्टर	७८६७३०
९२-०७७/३/२५	धौखोला दिम्स मो.वा.	१६८४७६८	१४०००००	१६८४७६८	१४०००००	अञ्जली एण्ड लिस्ने कम्पनी र सोनु फ्यूल सेन्टर	१६८४७६८
१०४-०७७/३/२६	राजथर भिरगाउँ पागँ मोटरवाटो	१२०२२३८	१००००००	१२०२२३८	१००००००	जानकी निर्माण सेवा र सोनु फ्यूल सेन्टर	१२०२२८३
१६८-०७७/३/३१	दाइवाङ फेद देखि हक्तवाङ मो.वा	१२०३३७५	१००००००	१०९९०२१	८९५६४५	तिर्सना निर्माण सेवा र सोनु फ्यूल सेन्टर	१२०००००
	जम्मा	११९४८९८२			८८४४४४९		

३६. **बढी लागत दर —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार पार्दा डोलिडारको नर्मस प्रयोग गरी उपभोक्ता समितिले गर्ने काममा ८५ प्रतिशत मेशिनले र १५ प्रतिशत मानिसले गर्ने गरी लागत अनुमान तयार गरी सम्झौता गरेकोमा उपभोक्ता समितिले आफूले सम्झौता गरी जिम्मा लिएको काम निर्माण व्यवसायी मार्फत गराएको छ । निर्माण व्यवसायीले श्रम प्रयोग गरी काम नगर्ने भएकोले कार्यालयले तयार गरेको लागत अनुमानको दर बढी हुन गएको छ। नमूना छनौटको आधारमा परीक्षण गर्दा निम्न कार्यमा रु.७७,१३,३७०।— बढी लागत पर्न गएको छ। योजनाको लागत अनुमान मितव्ययी हुने किसिमले निर्धारण गरिनु पर्दछ।

योजनाको नाम	विवरण	कार्यालयले राखेको ८५ प्रतिशत मेशिन र १५ प्रतिशत मानिसको दर	डोलिडारको नर्मस अनुसार मेशिनको मात्र हुने दर	बढी दर	सम्पन्न कामको परीमाण घ.मी	बढी लागत
ऐंपे शिवमन्दीर भैवाङ मो.वा.	कडा माटो	८८	४८.७९	३९.२१	३४८७.५२	१३६७४६
	कडा चट्टान	१४५३	१६४.११	१२८८.८९	२८५.०८	३६७४३७
मादर गैरथोक रहिचर	कडा माटो	८८	४८.७९	३९.२१	७००९.७६	२७४८५३

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

गोहोमण्डलीथान रापमानी मो.बा	साधारण चट्टान	२३५	९५.०५	१३९.९५	११९१.६५	१६६७७१
	मध्यम चट्टान	३९०	९५.०५	२९४.९५	३३.४७	९८७२
	कडा चट्टान	१४५३	१६४.११	१२८८.८९	३८.०९	४९०९४
छिउदर देखि सुसेलीखोला मो.बा	कडा माटो	८८	४८.७९	३९.२१	६९७८.५	२७३६२७
	साधारण चट्टान	२३५	९५.०५	१३९.९५	७३०.०८	१०२१७५
	कडा चट्टान	१४५३	१६४.११	१२८८.८९	२०१.९८	२६०३३०
बडाचौर पिपलचौर वलाले मो.वा	कडा माटो	८८	४८.७९	३९.२१	३६४९.७	१४३१०५
	साधारण चट्टान	२३५	९५.०५	१३९.९५	१२६७.८	१७७४२९
	मध्यम चट्टान	३९०	९५.०५	२९४.९५	१२७६.७५	३७६५७७
	कडा चट्टान	१४५३	१६४.११	१२८८.८९	५५.५२	७१५५९
किलाचौर गर्मी एयरपोर्ट मोटरवाटो	कडा माटो	८८	४८.७९	३९.२१	५३०३.६७	२०७९५७
	साधारण चट्टान	२३५	९५.०५	१३९.९५	६३३.२३	८८६२१
	मध्यम चट्टान	३९०	९५.०५	२९४.९५	३०६.३	९०३४३
	कडा चट्टान	१४५३	१६४.११	१२८८.८९	३२२	४१५०२३
सुलिचौर जुतुङखोला सिम्लेनी सिमिगिठा मो.बा	कडा माटो	८८	४८.७९	३९.२१	९९४८.३७	३९००७६
चिउधार राजुफेद गौडा मो.वा	कडा माटो	८८	४८.७९	३९.२१	१०२०.९	४००२९
	साधारण चट्टान	२३५	९५.०५	१३९.९५	११८.५	१६५८४
	मध्यम चट्टान	३९०	९५.०५	२९४.९५	४२.६	१२५६५
	कडा चट्टान	१४५३	१६४.११	१२८८.८९	५९७.८	७७०४९८
छिउदर देखि सुसेली खोला डवल कटिङ	कडा माटो	८८	४८.७९	३९.२१	२२०७.९	८६५७२
	साधारण चट्टान	२३५	९५.०५	१३९.९५	३५०.४	४९०३८
	कडा चट्टान	१४५३	१६४.११	१२८८.८९	३४९	४४९८२३
धौखोला दिम्स मो.वा.	कडा माटो	८८	४८.७९	३९.२१	१०३१९	४०४६०८
	साधारण चट्टान	२३५	९५.०५	१३९.९५	३१८९	४४६३०१
	मध्यम चट्टान	३९०	९५.०५	२९४.९५	६३	१८५८२
राजथर भिरगाउँ पागँ मोटरवाटो	कडा माटो	८८	४८.७९	३९.२१	१२२४.८७	४८०२७
	साधारण चट्टान	२३५	९५.०५	१३९.९५	५५०.६	७७०५६
	मध्यम चट्टान	३९०	९५.०५	२९४.९५	१८४.९	५४५३६
	कडा चट्टान	१४५३	१६४.११	१२८८.८९	६१२.८	७८९८३२
दाइवाङ फेद देखि हक्तवाङ मो.वा	कडा माटो	८८	४८.७९	३९.२१	३०१२.१	११८१०४
	साधारण चट्टान	२३५	९५.०५	१३९.९५	३४.६	४८४२
	मध्यम चट्टान	३९०	९५.०५	२९४.९५	१०८.८	३२०९१
	कडा चट्टान	१४५३	१६४.११	१२८८.८९	५३७.४३	६९२६८८
जम्मा				०		७७१३३७०

३७. **जटिलसंरचना निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्;

गोभौनं।रमिति	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान	भुक्तानी रकम
२२-०७६/१२/७ ९४-०७७/३/२५	शिशुकल्याण प्रा.वि.भवन निर्माण उपभोक्ता समिति	शिशुकल्याण प्रा.वि.भवन निर्माण	२२४२७४५	१८३९३६६
७७-०७७/३/२३	गोकुल मावि भवन तल्ला थप भवन निर्माण उ.स.	गोकुल मावि भवन तल्ला थप	५०३१२४१	३९९३७४०
१५०-०७७/३/३०	राष्ट्रिय प्रा.वि. भवन निर्माण उपभोक्ता समिति	राष्ट्रिय प्रा.वि. भवन निर्माण	३२७३२५३	२३९५५३३

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>८-०७७/२/२६
२७-०७७/३/३१</td><td>गौरीशंकर मा.वि. भवन निर्माण उपभोक्ता समिति</td><td>गौरीशंकर मा.वि. भवन निर्माण</td><td>३८५३७०२</td><td>३२०००५१</td></tr>
<tr><td>२१-०७७/३/३१</td><td>ने.रा.आ.वि. भवन निर्माण उपभोक्ता समिति</td><td>ने.रा.आ.विको २ कोठे भवन निर्माण</td><td>२०१४७६०</td><td>१४४९२६२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१६४१५७०१</td><td>१२८७७९५२</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>वडा कार्यालय भवन — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्यहरु उपभोक्ता समिति मार्फत गर्न नहुने, उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यमा जनसहभागिताको अंश रहनुपर्ने व्यवस्था छ। कार्यालयको लागत अनुमान रु.६०,०४,९५२।— रहेको ३ नं. वडा कार्यालयको भवन निर्माण गर्न रु.५०,००,०००।—कार्यालयले र रु.१२,०४,९५२।— उपभोक्ता समितिले व्यहोर्ने तथा उपभोक्ता समिति मार्फत गराउने गरी सम्झौता गरेको र प्राविधिक मूल्यॉंकन अनुसार रु. ५८,९९,१०३।—काम गरी भौ.नं. ६३ र १७०—२०७७।३।३१ बाट रु.४३,१०,०००।—भुक्तानी गरेपनि गाउँपालिकाको वडा कार्यालय भवनमा उपभोक्ता समितिवाट जनसहभागिताको अंश प्रयोग हुने अवस्था देखिंदैन। भवन निर्माण पश्चात गर्नुपर्ने मर्मत सुधार कार्य कसले गर्ने सोको स्पष्ट व्यवस्था गरेको देखिंदैन। सम्झौता बमोजिम कार्य सम्पन्न नगर्ने, कार्य सम्पन्न नभएकोमा उपभोक्ता समितिलाई जिम्मेवार बनाई कारवाही नहुने अवस्था देखिन्छ। अतः गाउँपालिकाले वडा कार्यालय भवन उपभोक्ता समिति मार्फत गरेको उचित नदेखिएको रु.</td><td>४३१००००/-</td></tr>
<tr><td>३९.</td><td>उपभोक्ता समिती मार्फत खरिद - सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम स्थानीय सिप प्रविधि र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेकोमा कार्यालयवाट उपभोक्ता समिति मार्फत निर्माण गराउंदा खरिद कार्य बढी भएको काम समेत उपभोक्ता समिति मार्फत खरिद गरेकोले खरिद प्रतिस्पर्धि तथा मितव्ययी नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>लागत अनुमान</th><th>खरिद प्रयोजन</th><th>सप्लायर्स</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>८०-०७७/३/२३</td><td>खड्काटोल खा.पा. यो</td><td>२४८११५३</td><td>पाइप तथा फिटिङ्गस</td><td>लोकप्रिय हार्डवेर</td><td>१२३६९३५</td></tr>
<tr><td>१३८-०७७/३/२९</td><td>बोज्याङ्ग खोला नाम्जा लिफ्टिङ्ग खा.पा.यो</td><td>१८८९९६८</td><td>पाइप तथा फिटिङ्गस</td><td>न्यू लुम्वीनी भांडा पसल</td><td>९३०३३६</td></tr>
<tr><td>१५६-०७७/३/३०</td><td>खड्काटोल खा.पा. यो</td><td>२९८१४३७</td><td>पाइप तथा फिटिङ्गस लगायत सामग्री</td><td>न्यू लुम्वीनी भांडा पसल</td><td>१०९८७३८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>३२६६००९</td></tr>
</table></td><td>३२६६००९।-</td></tr>
<tr><td>४०.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) बमोजिम विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । वडाचौर पिपलचौर वगाले मोटरवाटोको लागत अनुमान रु.११,२१,४००।— रहेको र २०७६।९।२३ गते सम्झौता भै २०७६ माघ मसान्तसम्म काम गर्ने अवधि रहेकोमा तिर्सना निर्माण कन्स्ट्रक्सन प्रा.लि.को २०७६।११।२१ को विल नं. १० वाट रु.७,२६,९००।— र सोनु फ्यूल सेन्टर एण्ड अटो केमिकल्सको मिति २०७६।८।२७ को विल राखी रु.१,९७,०००।- र मिति २०७६।१०।२९ को रु.३,०१,५००।- समेत रु. १२,२५,४००।- को आधारमा रु.१२,००,२०४।- को कार्य सम्पन्न बनाई भौ.नं. २०-२०७६।१२।२ बाट रु.९,८८,८०४।- भुक्तानी दिएको छ। उपभोक्ता समितिसंग सम्झौता हुनुभन्दा अगाडीको सोनु फ्यूल सेन्टर एण्ड अटो केमिकल्सको मिति २०७६।८।२७ को विल राखी रु.१,९७,०००।- भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.</td><td>१९७०००।-</td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>४१.</td><td>बढी भुक्तानी — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) बमोजिम विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। लागत अनुमान रु. २१,६२,०६८।- रहेको चिजेर खेलकूद फिल्ड निर्माण कार्यको कार्यालयवाट कन्टेन्जेन्सी ४ प्रतिशत सहित रु.१८,००,०००।- र उपभोक्ता समितिले रु.४,३४,०६८।- (२०.०८ प्रतिशत) व्यहोर्ने गरी सम्झौता भएकोमा प्राविधिक मूल्याँकन रु.१९,२७,८०८।- भई कन्टेजेन्सी सहित रु.१६,०४,९७०।- बजेट खर्च लेख्नुपर्नेमा भौ.नं.११०—०७७।३।२६ बाट रु.१७,२८,०००।—(कन्टेन्जेन्सी कट्टी रु.७२,०००।—समेत) खर्च लेखेकोले बढी भुक्तानी दिएको रु.१,२३,०३०।— सम्बन्धितवाट असूल हुनुपर्ने रु.</td><td>१२३०३०।-</td></tr>
<tr><td>४२.</td><td>सर्भे तथा डि.पि.आर — सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ। साथै नियमावलीको नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष निम्न योजनाको डिपिआर तथा लागत अनुमान तयार गर्न रु.३४,६८,९८७।— परामर्श सेवा खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:
<table>
<tr><th>भौ.नं.</th><th>डिपिआर तयार गरेको योजनाको नाम</th><th>परामर्शदाताको नाम</th><th>कार्यालयको लागत अनुमान</th><th>सम्झौता रकम</th></tr>
<tr><td>४५-०७७/३/९</td><td>लालि पोखरा देखि रिरिप सडक</td><td>राइज एण्ड ट्रिड डिजाइन एण्ड विल्डर्स</td><td>४९९८२२</td><td>४९५६१८</td></tr>
<tr><td></td><td>बोज्याङ खोला नाम्जी लिफ्ट खानेपानी</td><td>डि एण्ड डि इन्जिनियरिङ सोलुसन प्रा.लि.</td><td>४९९८४१</td><td>४९४३७५</td></tr>
<tr><td></td><td>बन्दिवासा सेवार कमली पोखरा खा.पा</td><td>जे.एण्ड एन सिभिल डिजाइन एण्ड कन्स्ट्रक्सन</td><td>४९९८४१</td><td>४९५८४४</td></tr>
<tr><td>६९-०७७/३/१९</td><td>ने.रा.मा.वि भवन</td><td>व्रिक कन्सल्टयान्ट</td><td>९९८२७१</td><td>९९४४००</td></tr>
<tr><td></td><td>बिभिन्न खानेपानी आयोजना</td><td>प्रयास इन्जिनियरिङ</td><td>९९८००१</td><td>९८८७५०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>३४६८९८७</td></tr>
</table>
उल्लेखित ५ कार्यको लागि लागत अनुमान तयार गर्दा लागत अनुमान तयार गरेको आधार खुलाएको देखिएन। सर्भे तथा डि.पि.आर कार्यालयकै कर्मचारीहरुवाट गराउन सकिनेमा परामर्शदातावाट गराएको सम्बन्धमा कार्यालयमा सक्षम जनशक्ति नभएको तथा न्यून प्राविधिक जनशक्ति रहेको, कार्यालयको नियमित काम लागत अनुमान तयार गर्नुपर्ने, ठेक्का व्यवस्था, नाप जाँच तथा मूल्याँकन नियमित योजनाको अनुगमन गर्नुपर्ने कारण कार्यलयको जनशक्तिले गर्न नसकि परामर्शदातावाट गराउनु परेको कार्यालयको भनाई रहेको छ।</td><td></td></tr>
<tr><td></td><td>संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम</td><td></td></tr>
<tr><td>४३.</td><td>बढी भुक्तानी — सावजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) बमोजिम विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। लागत अनुमान रु.३८,५३,७०२।— रहेको गौरीशंकर मा.वि भवन निर्माण कार्यको कार्यालयवाट कन्टेन्जेन्सी ४ प्रतिशत सहित रु.३२,००,०००।— र उपभोक्ता समितिले रु.७,८१,७०२।—(२०.२८ प्रतिशत) व्यहोर्ने गरी सम्झौता भएकोमा प्राविधिक मूल्याँकन रु.३७,९९,६७९।— भई कन्टेजेन्सी सहित रु.३१,५५,१४०।— बजेट खर्च लेख्नु पर्नेमा भौ.नं.८—०७७।२।२६ बाट रु.१८,८१,०५१।—(कन्टेन्जेन्सी कट्टी रु.१,२२,८८०।—समेत) र २७—</td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>०७७।३।३१ बाट रु.१३,१९,००००।— समेत रु.३२,००,०५१।— खर्च लेखेकोले बढी भुक्तानी दिएको रु.४४,९११।— सम्बन्धितवाट असूल हुनुपर्ने रु.</td><td>४४९११।-</td></tr>
<tr><td>४४.</td><td>सोझै खरिद — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु.५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले लागत अनुमान समेत तयार नगरी निम्नानुसारका सप्लायर्सवाट सोलार बत्ति खरिद गरी रु.१०,७१,९२८।— भुक्तानी गरेकोमा सिधै खरिद गरेको छ। नवीकरणीय उर्जा प्रविधिमा प्रयोग हुने उपकरण तथा तिनका पार्टपूर्जाहरुको गुणस्तर परीक्षण बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रवाट गराउनुपर्नेमा सो समेत नगरी सिधै खरिद गरेको नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>भौचर.नं. मिति</th><th>सप्लायर्सको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>११-०७७/३/२५</td><td>सोलार उर्जा सप्लायर्स विल नं. २५६ र २६५ बाट २ पटक</td><td>३७१९६४</td></tr>
<tr><td>,,</td><td>युनिक इनर्जि प्रा.लि.को विल नं. ०११ बाट</td><td>३४९९६४</td></tr>
<tr><td>,,</td><td>टपसन इनर्जिको विल नं. ३७८ बाट</td><td>३५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०७१९२८</td></tr>
</table></td><td>१०७१९२८/-</td></tr>
<tr><td></td><td>संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रम चालु</td><td></td></tr>
<tr><td>४५.</td><td>शिक्षक तलब निकासा -- गाउँपालिकाले आफ्नो स्थानीय तह भित्रका विद्यालयहरुमा शिक्षक दरबन्दी अनुसारको चौमासिक तलबि माग फाराम लिई सोको रुजु गरेर मात्र तलब भत्ता निकासा गर्नुपर्दछ।यस बर्ष शिक्षक तलब भत्तामा गो.भौ.नं.३-२०७६।६।१० बाट रु.१,६७,९०,४१७।- र गो.भौनं. ६-२०७६।६।१० बाट रु. २१,१७,५००।- समेत रु. १८,९०७,९१७।- प्रथम चौमासिक निकासा गरेकोमा सोसँग सम्बन्धित तलबि मागफाराम लेखापरीक्षण समक्ष पेश भएन। कार्यालयले प्रथम चौमासिक निकासा मागफाराम एकिन गरी खर्च फरफारक गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४६.</td><td>अनुदानको अनुगमन - कार्यालयले आफुले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुदान रकमको अनुगमन गर्नुपर्दछ। कार्यालयले गो.भौ.नं.३४-२०७६/११/२ बाट विभिन्न विद्यालयहरुलाई रु.२४,००,०००।- अनुदान दिएकोमा विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको विवरण तथा लेखापरीक्षण प्रतिवेदन, हालसम्म पेश गरेको देखिएन। अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शिर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन। तसर्थ अनुदान रकमको अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>अनुदानको विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>जनज्योति मा.वि गुम्चाल विज्ञान प्रयोगशाला निर्माण</td><td>६५००००.०</td></tr>
<tr><td>२.</td><td>ने.रा.मा.वि हार्जङ आइ.सि.टि ल्याव निर्माण</td><td>६५००००.०</td></tr>
<tr><td>३.</td><td>आ.वि छिउदर पुस्तकालय व्यवस्थापन</td><td>६५००००.०</td></tr>
<tr><td>४.</td><td>४ विद्यालयको शैक्षिक सुधार कार्यक्रम</td><td>४५००००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२४०००००।-</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>४७.</td><td>शिक्षक अनुदान — शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं १.१.३.४ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण एकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा अद्यावधिक विवरण अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ। कार्यालयले निजी शिक्षक भर्ना/ नियुक्ति गरी गाउँपालिका तर्फ वित्तीय समानिकरणबाट १७ विद्यालयहरुको लागि रु.२०,७२,०००।- भुक्तानी गरेको छ।गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा सःशर्त तर्फबाट शिक्षक तलब भत्तामा रु.३,६६,९०,११२।- निकासा गरेको छ । विद्यालय शिक्षक दरबन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका शिक्षकलाई तलब भत्ता निकासा दिएको तथा कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरी शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर शिक्षक नियुक्ति गर्नुपर्ने रु.</td><td>२०७२०००।-</td></tr>
<tr><td>४८.</td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७६।७७ को क्रियाकलाप नं.२.७.१३.८ अनुसार राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरीएको कक्षा ८ को परीक्षा सञ्चालन सम्बन्धी मार्गदर्शनका आधारमा कक्षा ८ को परीक्षा सञ्चालन गर्न प्रति विद्यार्थी रू.२००।- को दरले निकासा दिने उल्लेख छ। गाउँपालिकाले तयार पारेको फ्ल्यास रिपोर्ट अनुसार कक्षा ८ मा जम्मा ५३२ जना विद्यार्थी रहेका छन्। कार्यालयले फ्ल्यास रिपोर्ट अनुसार प्रति विद्यार्थी रु.२००।- को दरले रु.१,०६,४००।- मात्र खर्च लेख्नुपर्नेमा संघिय सरकार हस्तान्तरित कार्यक्रम अन्तर्गत रु. ५,४०,७७२।- खर्च लेखेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ ले तोके भन्दा रु.४,३४,३७२।- बढि खर्च भएकोले बढि व्ययभार परेको रु.</td><td>४३४३७२/-</td></tr>
<tr><td>४९.</td><td>पाठ्यपुस्तक - नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार निम्न विद्यालयलाई अपुग पाठ्य पुस्तक बापत रु.४६,९८९।- निकासा दिएकोमा सोको विल भरपाई पेश गरेको छैन। विल भरपाई बेगर भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>निकासा रकम</th></tr>
<tr><td>जनकल्याण प्रा.वि लुङ्ग्री</td><td>पाठ्यपुस्तक</td><td>३३९२३</td></tr>
<tr><td>सरस्वती प्रा.वि लुङ्ग्री</td><td>पाठ्यपुस्तक</td><td>१३०६६</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४६९८९</td></tr>
</table></td><td>४६९८९/-</td></tr>
<tr><td>५०.</td><td>कार्यक्रम खर्च - नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार फ्ल्यास रिपोर्टका आधारमा विद्यार्थि संख्याको आधारमा पाठ्यपुस्तक छात्रवृत्ति रकम दिवा खाजा, निरन्तर विद्यार्थि मूल्याङकन र बालविकास अनुदान रकम उपलव्ध गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यसबर्ष पाठ्यपुस्तक अनुदान रु. ४०,३२,६३२।, दिवा खाजा बापत रु.१,२८,४९,९००।, बाल विकास पि.सि.एफ ४,४८,५००।-, निरन्तर मुल्याङ्कनमा रु.१,४५,९००।-, बुक कर्नरमा रु. १३,०७,२५०।-, र छात्रवृत्तिमा रु.१७,८९,६००। समेत रु.२,०५,७३,७८२।- निकासा गरेको छ। कार्यालयले तयार गरेको फ्ल्यास</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	रिपोर्ट र दिवा खाजा हाजिरी लेखापरीक्षण समक्ष पेश भएन। फ्ल्यास रिपोर्ट र हाजिरी वेगर खर्च लेखेको रकम एकीन गर्न सकिएन। कार्यालयले विद्यालयगत विद्यार्थी संख्या एकिन गरी खर्च फरफारक गर्नुपर्दछ।	
	स्वास्थ्य	
५१.	कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ। कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन।	
५२.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। कार्यालयले सोझै खरिद मार्फत रु. ८,४८,५३८।- को औषधि खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्;	
५२.१.	खरिद गरेका औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
५२.२.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,	
५२.३.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
५२.४.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनुपर्नेमा एकमुष्ट घटाउने गरेको, खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख नराखेको, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन नगरी हस्तान्तरण गरेको छ। औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेका औषधिहरुको जिम्मेवारी जिन्सी अभिलेख खातामा व्यवस्थित गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।	
५३.	**औषधि परीक्षण** - प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ ।खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधी तथा सर्जिकल सामानहरु परीक्षण गर्दा निःशुल्क वितरणको लोगो नलगाएको पाइयो। जुन स्वीकृत लोगो भन्दा फरक रहेको देखिन्छ। निर्देशिकाले निर्दिष्ट गरेको विषयलाइ पालना गरेको सम्बन्धमा कार्यालयको ध्यान जानु जरुरी छ।	

क्र.स	औषधिको नाम	म्याद समाप्त हुने मिती	कैफियत
१.	Fungal F 150	September 2021	Rs.24/1 tabs.
२.	Hedex Paracetamol syrups	May 2022	Rs25
३.	Metronidazole syrup	September 2022	Rs.48
४.	Amoxycillin Dry syrup	August 2022	Supply only
५.	Amoxycillin 500 mg cap	October 2022	Ins supply only
६.	Ibuprofen tab	June 2022	Rs.20/10tabs
७.	Ciproleb-500	June 2022	MoHP Supply only
८.	Paracetamol	July 2022	निःशुल्क वितरणको लागि
९.	Metronidazole tabs	February 2023	मूल्य मेटेको

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	१०. Ranitidine tabs September 2022 मूल्य मेटेको	
५४.	गो.भौ.नं. १०७-२०७७।३।२६ भकारो सुधार कार्यक्रम अन्तर्गत नव बराह क्षेत्र कृषक समुहलाई रु.६०,०००।- भुक्तानी गरेकोमा रु.५५,७२७।- को मात्र विल भरपाई संलग्न भएकोले बढी भुक्तानी रु.४,२७३।- असुल हुनुपर्ने रु.	४२७३।-
५५.	कार्यालयले सञ्चितकोषमा व्ययभार पर्ने गरी अनुत्पादक खर्च लेख्नु हुदैन। गो.भौ.नं.७-२०७७।२।३२ सेनेटरी प्याड वितरण कार्यको अनुगमन भनी निम्न कर्मचारी तथा पदाधिकारीहरुलाई रु.७,६५०। भुक्तानी गरेको असुल हुनुपर्ने रु.	७६५०।-

पदाधिकारीको नाम	दिन	दर	कर बाहेकको भुक्तानी रकम रु.
भिमकला बुढाथोकी	२	१५००	२५५०
शरद न्यौपाने	२	१५००	२५५०
पुर्ण प्रसाद उपाध्याय	२	१५००	२५५०
जम्मा			७६५०.०

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
५६.	**कोभिड विशेष कार्यकम** – प्रदेश सरकार भूमी तथा सहकारी मन्त्रालय, कोभिड विशेष कृषि कार्यकमबाट गाउँपालिकालाइ कोभिड लक्षित व्यवसायिक तरकारी खेती प्रवर्द्धन, विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि प्रोत्सहान कार्यक्रम तथा बालीको उत्पादकत्व वृद्धिको लागि विउ उत्पादन समुह सहकारी प्रोत्साहन कार्यक्रम अन्तर्गत रु.७,४०,०००।- अनुदान प्राप्त गरी खर्च भएको छ । कोभिडको कारण वैदेशिक रोजगारीमा गइ फर्केका र व्यावसायीक तरकारी खेती गर्ने ३७ जना कृषकलाइ अधिकतम रु.२०,०००।- सम्म अनुदान सम्बन्धित कृषकहरुको बैङ्क खातामा दाखिला गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्;	
५६.१.	कोभिड विशेष कृषि कार्यक्रम, २०७० को बुदा नं.२१ बमोजिम व्यवसायीक तरकारी खेती गर्नेले न्यूनतम ३ रोपनी वा ३ कठ्ठामा खेती गरेको हुनुपर्ने उल्लेख भएकोमा सो अनुसार खेती भए नभएको कार्यालयबाट अनुगमन भएको छैन।	
५६.२.	निर्देशिकाको अनुसुची -५ को बुदा नं.२ अनुसार स्थलगत अनुगमन गरी प्रतिवेदनको आधारमा मात्र अनुदान दिने गरी सम्झौता भएकोमा अनुगमन गरी सो को प्रतिवेदनको आधारमा भुक्तानी गरेको देखिएन। यसबाट बास्तविक पिडितले अनुदान राहत पाए भनी आश्वस्त हुन सकिएन।	
५६.३.	कार्यक्रमको सम्झौता फाराम अनुसार अनुदान प्राप्त गर्ने कृषकले व्यवसायलाइ कम्तिमा १ बर्ष निरन्तरता दिनुपर्ने र नियमित रुपमा प्रगति विवरण लगायतका तथ्याङ्क कार्यालयलाई उपलव्ध गराउनुपर्ने उल्लेख छ। कार्यालयले सम्झौता अनुसार प्रगति प्रतिवेदन प्राप्त गरी अनुगमन गर्ने गरेको छैन।अनुदानबाट प्राप्त उपलव्धिको अनुगमन गरी सोको अभिलेख व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।	
५७.	**हस्तान्तरीत सामान —** लुम्बिनी प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ४४ (१) अनुसार कार्यलयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रवन्ध मिलाउन जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा कार्यालयले वालविकास र कक्षा १-५ सम्ममा विद्यालयहरुमा शैक्षिक सुधार तथा बसाई व्यवस्थापनानमा रु.१७,७१,४५०।- बराबरका कार्पेट, कुशन फर्निचर खरिद गरी हस्तान्तरण गरेकोमा हस्तान्तरीत सामान सम्बन्धित बिद्यालयलहरुले जिन्सी आम्दानी गरेको प्रमाण गाउँपालिकाको कार्यालयलाई उपलव्ध गराएको छैन। ऐनको व्यवस्था पालना हुनुपर्दछ।	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>५८.</td><td>अनुपातिक कट्टी — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम (३) को खण्ड (ख) बमोजिम लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले सिचाई पोखरी निर्माण कार्यको लागि रु. ४,८०,४९७।- को लागत अनुमान तयार गरी सिंचाई पोखरी निर्माण उ.स.सँग कार्यालयले ३,८४,०००। र उ.स. ले रु.९६,४९७।— व्यहोर्ने गरी सम्झौता भएकोमा लागत अनुमान भन्दा घटि रु.४,४९,४७९।- मा कार्यसम्पन्न भएको अवस्थामा कार्यालयले सम्झौता अनुसार उपभोक्ताको अंश कट्टा गरी रु. ३,५९,५८३।- भुक्तानी दिनुपर्नेमा आनुपातिक कट्टि नगरेकोले रु.२४,४१६।- बढि भुक्तानी भएको असूल हुनुपर्ने रु.</td><td>२४४१६/-</td></tr>
<tr><td>५९.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन भने बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन। निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन्। श्रमिकको संख्या अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन। कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५१ जनालाई १२८८ दिन रोजगारी उपलव्ध गराई रु.७,८१,८००।- तथा औजार खरिद र प्रशासनिक खर्च बापत रु.६,१६,१४५।- समेत रु.१३,९७,९४५।- खर्च गरेको छ। लक्षित वर्गलाई २५ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रममा खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>६०.</td><td>पारिश्रमिक आयकर - आयकर ऐन, २०५८ को दफा ८७ (१) अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत, दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ। सि.अ.न.मि दिपा कुमारी विष्टको बार्षिक आय रु.७,३३,४२६।— मा ऐनको व्यवस्था बमोजिम पाउने आयकर छुट रकम रु. ६,१६,३७६।— कट्टा गरी बाँकी करयोग्य आय रु.१,१५,४०९।— मा रु.१२,६३६।- करकट्टि गर्नुपर्नेमा रु.४,५००।- मात्र पारिश्रमिक कर कट्टा गरेकोले नपुग कर रु. ८,१३६।— असुल गर्नुपर्ने रु.</td><td>८१३६/-</td></tr>
<tr><td>६१.</td><td>अनुगमन भत्ता - लुम्बिनी प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा १३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन पाउने छैन भन्ने उल्लेख छ । सो ऐनमा अनुगमन वापतको खर्च भूक्तानी गर्न पाउने उल्लेख छैन। गाउँपालिकाले वडा न. २ को वडास्तरीय योजनाको अनुगमन भनी निम्न पदाधिकारी तथा कर्मचारीहरुलाई रु. ३०६००।- भुक्तानी गरेको असुल हुनुपर्ने रु.
<table>
<tr><th>पदाधिकारी तथा कर्मचारीको नाम</th><th>भुक्तानी रकम करकट्टि बाहेक</th></tr>
<tr><td>गोविलाल घर्तिमगर</td><td>५१००</td></tr>
</table></td><td>३०६००/-</td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

सुरज खड्का	५१००
मनिकला पुन	५१००
हरिकला पुन	५१००
फुलकुमारी दशौरी	५१००
गजे खत्री	५१००
जम्मा	३०६००

६२. **बैठक भत्ता खर्च** - लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा कार्यालयले खरिद इकाई तथा सामाजिक सुरक्षा भत्ता वितरण बापत निम्न पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गरेको छ। खर्च लेख्न नपाउने यस प्रकारको खर्च रकम रु.८०,८००।- मध्ये करकट्टि बाहेकको रु.६८,६८०।- असुल हुनुपर्ने रु.

६८६८०/-

विवरण	कर्मचारीको को नाम पद	दिन	दर	जम्मा करकट्टी वाहेक
३२३-२०७७।३।२१ २१	लेखा अधिकृत शरद न्यौपाने	१६	१०००	१३६००
	शिक्षा अधिकृत पूर्णप्रसाद उपाध्याय	२	१०००	१७००
	सी. अ .न .मि दिपा कुमारी बिष्ट	१	१०००	८५०
	स.इ टेकेन्द्र घर्ति	२	१०००	१७००
	कृषि शाखा प्रमुख कमला महरा	१	१०००	८५०
सामाजिक सुरक्षा वितरण भत्ता वडान. ४	वडा अध्यक्ष शिवप्रसाद के.सी	७	७००	४१६५
	वडा सचिव तिर्सना विष्ट	७	७००	४१६५
	का.स भोजराज जि.सी	७	७००	४१६५
सामाजिक सुरक्षा वितरण भत्ता वडान. १	वडा अध्यक्ष मति पुन	७	७००	४१६५
	वडा सचिव बेदुराम पाण्डे	७	७००	४१६५
	का.स उबे खत्री	७	७००	४१६५
सामाजिक सुरक्षा वितरण भत्ता वडान. ३	वडा अध्यक्ष नेम ब. खड्का	७	७००	४१६५
	का.स महेन्द्र न्यौपाने	७	७००	४१६५
	का.स महेन्द्र गजे खत्री	७	७००	४१६५
सामाजिक सुरक्षा वितरण भत्ता वडान. ५	वडा अध्यक्ष यमलाल विष्ट	७	७००	४१६५
	वडा सचिव दिल क.बुढाथोकी	७	७००	४१६५
	का. कुमार थापा	७	७००	४१६५
जम्मा				६८६८०

६३. **पोशाक खर्च** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ पहिलो संशोधन समेतको दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क), १(ख), १(ग) मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ। साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन पाउने छैनन् भनी व्यवस्था गरेको छ । गाँउपालिकाले ३६ पदाधिकारीलाई रु. ९,९००।- दरले पोशाक खर्च वापत रु.३४६४००।- खर्च लेखेकोले असुल गर्नुपर्ने रु.

३४६४००/-

६४. **विल भरपाइ** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा नं. ५१ अनुसार जिम्मेवार व्यक्तिले ऐन बमोजिमको रित पुऱ्याई लेखा अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले गाँउ विपद व्यवस्थापन समितिको निर्णय अनुसार १५ जना व्यक्तिलाइ रु. ९,८५०।- को

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>दरले रु. १,४७,७५०।- दैवी प्रकोप राहत उपलव्ध गराउने निर्णय गरेकोमा सम्वन्धित व्यक्तिलाइ भुक्तानी नदिइ राहत पाउने वडाका वडा अध्यक्षको खातामा उक्त रकम जम्मा गरेको देखियो सम्वन्धित व्यक्तिलाइ भुक्तानी गरको भरपाइ पेश नभएकोले पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्न रु
<table>
<tr><th>दैवी प्रकोप राहत पाउनेको नाम</th><th>ठेगाना</th><th>रकम करकट्टी वाहेक</th><th>बुझिलिनेको नाम</th></tr>
<tr><td>जिते कामी</td><td>लुङग्री -७</td><td>९८५०</td><td rowspan="3">वडा अध्यक्ष ७ कर्ण ब. रोका</td></tr>
<tr><td>खमिरा पुन</td><td>लुङग्री -७</td><td>९८५०</td></tr>
<tr><td>गज ब. नेपाली</td><td>लुङग्री -७</td><td>९८५०</td></tr>
<tr><td>करसिङ रोका</td><td>लुङग्री -१</td><td>९८५०</td><td rowspan="8">वडा अध्यक्ष १ मति पुन</td></tr>
<tr><td>यमलाल सुनार</td><td>लुङग्री -१</td><td>९८५०</td></tr>
<tr><td>बुद्धिराम बिष्ट</td><td>लुङग्री -१</td><td>९८५०</td></tr>
<tr><td>टुक ब.बुढाथोकी</td><td>लुङग्री -१</td><td>९८५०</td></tr>
<tr><td>गंजे बिष्ट</td><td>लुङग्री -१</td><td>९८५०</td></tr>
<tr><td>शिवे बिष्ट</td><td>लुङग्री -१</td><td>९८५०</td></tr>
<tr><td>छापा पुन</td><td>लुङग्री -१</td><td>९८५०</td></tr>
<tr><td>आइते नेपाली</td><td>लुङग्री -१</td><td>९८५०</td></tr>
<tr><td>दिलिप केसी</td><td>लुङग्री -६</td><td>९८५०</td><td rowspan="2">वडा अध्यक्ष ६ यमलाल बिष्ट</td></tr>
<tr><td>काले रोका क्षेत्री</td><td>लुङग्री -६</td><td>९८५०</td></tr>
<tr><td>भिम बहादुर</td><td>लुङग्री -७</td><td>९८५०</td><td>वडा अध्यक्ष ७ कर्ण ब. रोका</td></tr>
<tr><td>दल ब.बानिया</td><td>लुङग्री -३</td><td>९८५०</td><td>नेम ब.खड्का</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१४७७५०</td><td></td></tr>
</table>
</td><td>१४७७५०/-</td></tr>
<tr><td>६५.</td><td>अनुगमन मुल्याङकन खर्च - भम्रण खर्च नियमावली, २०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ ।कार्यालयले योबर्ष अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु. ४२,३८,४९४।- र विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सीबाट समेत अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ;</td><td></td></tr>
<tr><td>६५.१.</td><td>अनुगमन भ्रमण पश्चात भ्रमण गर्ने कर्मचारी तथा पदाधिकारीले नियमावली अनुसार भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको छैन ।</td><td></td></tr>
<tr><td>६५.२.</td><td>भ्रमणखर्च नियमावली, २०६४ अनुसार भ्रमणको स्पष्ट प्रयोजन खुलाउनुपर्ने उल्लेख भएकोमा कतिपय भ्रमण आदेशहरुमा भ्रमणको स्पष्ट प्रयोजन खुलाउने गरेको छैन ।</td><td></td></tr>
<tr><td>६५.३.</td><td>कार्यालयले सञ्चालन गरेको विभिन्न कार्यक्रममा सहजिकरण तथा समन्वय गर्ने गरी विभिन्न निकायहरुबाट सहभागी कर्मचारीहरुलाई भ्रमण भत्ता भुक्तानी गर्दा निज आएको कार्यालयबाट दैनिक भ्रमण भत्ता लिए नलिएको खुल्ने पत्र लिने गरेको छैन। यसबाट भ्रमण भत्तामा दोहोरो खर्च भए नभएको एकिन हुन सकेन।</td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षा कार्यक्रमतर्फ</td><td></td></tr>
<tr><td>६६.</td><td>तथ्यांक अध्यावधिक - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग, बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	उल्लेख छ । कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन । कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ।	
६७.	**सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तहका कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन।गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ ।	
६८.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को परिच्छेद-३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको विवरण अनुसुची -५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । अध्यावधिक विवरण अनुसार गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ ।यो वर्ष सामाजिक सुरक्षा वापत कार्यालयले रु. ६०१२६४००।- खर्च गरेको छ । कार्यालयले अनुसुची-५ अनुसारको मुल अभिलेख लेखापरीक्षण समक्ष पेश गरेको छैन ।जसबाट मृत्यु भएका, बसाईसराई गरी गएका तथा ५ बर्ष उमेर पुरा भएका दलित बालबालिकाको लगत कट्टा भएको एकिन गर्न सिकएन ।	
६९.	**परिचय पत्र -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २० अनुसार एम.आइ.एसमा विवरण प्रविष्ट भएपछि प्राप्त हुने १३ अंकलाइ नै परिचयपत्र कायम गरी सम्बन्धित स्थानीय तहले व्यवस्थित गर्नुपर्ने उल्लेख छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा गाउँपालिकाको वडा नं. १ ले १३ अंकको सामाजिक सुरक्षा परिचय पत्र अनुसार मुल अभिलेख खातामा प्रविष्टि गरेको छैन।मुल अभिलेख र वितरणको भरपाइमा समेत परिचय पत्र नं नराखी खर्च लेखेकोले सवै लाभग्राहीहरु वास्तविक लाभग्राही हुन भन्ने कुरामा विश्वस्त हुन सकिएन। मुल अभिलेख र वितरणको भरपाइमा समेत परिचय पत्र नं नराखी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन् ;	

लाभग्राही समुह	नामथर	ना.प्र न.	अवधि तिन चौमासिक	रकम
जेष्ठ नागरिक अन्य	हिमलाल रोका	४७९९/७१३	२०७६/४/१-२०७७/३/३१	३६०००
	विषमता पुन	४७५९/३६१	२०७६/४/१-२०७७/३/३१	३६०००
	हर्क ब.बुढाथोकी	५३०४	२०७६/४/१-२०७७/३/३१	३६०००
	कुलमान बस्नेत	४४८९/२०७५	२०७६/४/१-२०७७/३/३१	३६०००
	वीर ब.घर्ति	२७८६	२०७६/४/१-२०७७/३/३१	३६०००
	झक पुन	३३११/०४२/४३	२०७६/४/१-२०७७/३/३१	३६०००
	मतिसरी पुन	४८१७/०४४-४५	२०७६/४/१-२०७७/३/३१	३६०००
	चौमिला घर्तिनि	४९६५/१४८६	२०७६/४/१-२०७७/३/३१	३६०००
	नवलि रोका	४२१४८	२०७६/४/१-२०७७/३/३१	३६०००
	विर ब.घर्ति	४८४०/९२८	२०७६/४/१-२०७७/३/३१	३६०००
	सिरसे घर्ति	१०१७६	२०७६/४/१-२०७७/३/३१	३६०००
	अमलाल कामी	२४७१	२०७६/४/१-२०७७/३/३१	३६०००
	खडक ब.घर्ति	२३०५/४२/४३	२०७६/४/१-२०७७/३/३१	३६०००

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

	दले विष्ट	१४९०	२०७६/४/१-२०७७/३/३१	३६०००
	प्रताप सिं घर्ति	१२२०	२०७६/४/१-२०७७/३/३१	३६०००
	होमे बुढाथोकी	५४/५०९२	२०७६/४/१-२०७७/३/३१	३६०००
	शशी पुन	८४८९	२०७६/४/१-२०७७/३/३१	३६०००
	डम्बर ब. कामि	५४१७३	२०७६/४/१-२०७७/३/३१	३६०००
	ससिला कामि	५४-०१-७२-०१२	२०७६/४/१-२०७७/३/३१	३६०००
	रुकमा पुन	५४१००२/११०	२०७६/४/१-२०७७/३/३१	३६०००
	मन्जन घर्ति	३२४८	२०७६/४/१-२०७७/३/३१	३६०००
	पेरमली पुन	५४३००२/१२८	२०७६/४/१-२०७७/३/३१	३६०००
	खिमा खत्रेनी	५०६५१२३०	२०७६/४/१-२०७७/३/३१	३६०००
	झके पुन	४५५७/५७९	२०७६/४/१-२०७७/३/३१	३६०००
	भिउसरी पुनमगर	४५१/२१९१	२०७६/४/१-२०७७/३/३१	३६०००
दलित जेष्ठ	गोठी कामी	५४१००२/२३८	२०७६/४/१-२०७७/३/३१	३२०००
	टके कामि	४६८२/७२२	२०७६/४/१-२०७७/३/३१	३२०००
	हर्कलाल कामी	२३९७	२०७६/४/१-२०७७/३/३१	३२०००
	नर सी कामी	११६५८	२०७६/४/१-२०७७/३/३१	३२०००
	चित्रे कामी	५४३००२/४७०	२०७६/४/१-२०७७/३/३१	३२०००
	तुले कामी	४५६९७/६२६	२०७६/४/१-२०७७/३/३१	३२०००
	आइते कामी	२७४८	२०७६/४/१-२०७७/३/३१	३२०००
	भर्जनी कामी	५२३७/१३०७	२०७६/४/१-२०७७/३/३१	३२०००
	दुरजन कामी	४६४५/६५०	२०७६/४/१-२०७७/३/३१	३२०००
	दिलमाया दमाइ	५४३००२/४१५	२०७६/४/१-२०७७/३/३१	३२०००
एकल महिला	केशमला रोका	५४३००२/३८५	२०७६/४/१-२०७७/३/३१	३२०००
	पुस्तकली पुन	५४-०१-७५-०१८७३	२०७६/४/१-२०७७/३/३१	३२०००
	नरमा कामी	५४-०१-७२-००६०३	२०७६/४/१-२०७७/३/३१	३२०००
	जिता विष्ट	५०९१/११३०	२०७६/४/१-२०७७/३/३१	३२०००
	दुर्गा दमाइ	५४३००२/३४३	२०७६/४/१-२०७७/३/३१	३२०००
	त्रिमला पुन	५४३००२/४३०	२०७६/४/१-२०७७/३/३१	३२०००
	बुढा घर्तिनी	३२५९/०४२/४३	२०७६/४/१-२०७७/३/३१	३२०००
	गौसरा पुन	५४/०१/७४/००४०९	२०७६/४/१-२०७७/३/३१	३२०००
	गर्मी मगर्नि	५२३९/११४२	२०७६/४/१-२०७७/३/३१	३२०००
	पन्थि रोकामगर	२७७८	२०७६/४/१-२०७७/३/३१	३२०००
आंशिक अपाङ्ग	खनु रोका	-	२०७६/४/१-२०७७/३/३१	२५६००
जम्मा				१५६५६००

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
७०.	**नगद वितरण -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ अनुसार बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने उल्लेख भएकोमा कार्यालयले ७ वडामा हातहातै नगद रु. ६,१०,३२,०००।- वितरण गरेको छ।	
७१.	कार्यालयले गौ.भौ.नं. ३२०/२०७७/३/१८ (गा.पा चालु) मा निवृति उपदान कोष वापत कट्टी रकम रु.३,६४,४३८/- सम्बन्धित कोषमा दाखिला नगरी धरौटी खातामा जम्मा गरेकोले सम्बन्धित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.	३६४४३८/-
७२.	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण तथा अभिलेख राखेको पाइएन। आफ्नो क्षेत्रभित्रको सम्पत्तिको	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	रेखदेख, मर्मत सम्भार एवं संरक्षणको अभिलेख राख्नु पर्दछ।	
	आन्तरिक आय	
७३.	**आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. १० लाख ९ हजार अर्थात अनुमान भन्दा ४९.५५ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्	
७३.१.	कार्यालयले आन्तरिक आम्दानीको शिर्षकगत राजश्व असूली अनुमान र यथार्थ असूलिको प्रतिवेदन तयार गरेको छैन ।	
७३.२.	गाउँपालिकाले सबै आन्तरीक आय संचित कोषमा दाखिला गर्ने गरेकोले राजश्व असुलि एकिन गर्न सकिएन ।	
७३.३.	वडा कार्यालयबाट असुल भएको राजश्वको रसिद वाइज विवरण तयार गरेको छैन ।	
७३.४.	राजश्व शाखाले बिभिन्न शिर्षकमा उठेको राजश्व बैंक दाखिला गर्दा शिर्षक खुलाई जम्मा गर्नुपर्नेमा सो गरेको देखिएन ।	
७३.५.	शिर्षकगत रुपमा र दैनिक उठेको रकमको विस्तृत विवरण सहितको जोडजम्मा गरी सोही अनुसार बैंक दाखिला गर्ने र बैंक दाखिला भौचरको आधारमा सञ्चित कोष दाखिला हुनुपर्नेमा सो अनुरुप हुने गरेको छैन ।	
७३.६.	दैनिक उठेको राजश्व रकम भोलीपल्ट एकमुष्ट रुपमा बैंक दाखिला गर्नुपर्नेमा सो नगरी आंशीक रुपमा दाखिला गर्ने गरेको र महिनाको अन्त्यमा उठेको कूल राजश्व र बैंक दाखिला रकम बरावर हुने गरी दाखिला गर्ने गरेकोले यसमा सुधार हुनुपर्दछ ।	
७४.	**आय तुलना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट रु. २७ करोड २ लाख ८४ हजार खर्च गरी आन्तरीक आय बापत रु. १० लाख ९ हजार संकलन गरेको छ । गाउँपालिकालाई प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३७ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	विपद् व्यवस्थापन	
७५.	**कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद्	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । कार्यालयले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना हुनुपर्दछ ।	
७६.	**कोष आय —** विश्वव्यापी महामारी नियन्त्रण तथा रोकथाम गर्न यसवर्ष स्थापना भएको प्रकोप व्यस्थापन कोषमा गाउँपालिका चालु तथा पुँजिगत शिर्षकवाट रु. १०,०२०,४७८।-, प्रदेश सरकारवाट रु.६०,००,०००।-, गाउपालिका पदाधिकारी तथा कर्मचारी तलव रु.१०,३१,०००।- समेत रु.१,७०,५१,४७८।- को कोष स्थापना भएकोमा रु. १,६१,०४,५४५।- खर्च भएको विवरण पेश गरेको छ। कोषबाट भएका खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ;	
७७.	**गो.भौ.नं.११-२०७७/२/२१** कार्यालयले हेल्थ डेक्समा खटिएका कर्मचारीहरुको लागि खाजा खर्च बापत रु.९०,०००।- खर्च लेखेकोमा ६९,०००।- को मात्र विल भरपाई संलग्न भएकोले बढी खर्च लेखेको रु.२१०००।- असुल हुनुपर्ने रु.	२१०००।-
७८.	**राहत वितरण —** कार्यालयले गाउँपालिकाका १३८१ घर परिवारलाई राहत (चामल, नुन दाल र तेल) वितरण गरी रु. ३८,१६,६६०।— खर्च लेखेको छ । वितरण गरेको राहत सामग्री वास्तविक विपन्न र समस्यामा परेकालाई मात्र वितरण गरेको स्पष्ट आधार पेश भएन । गाउँपालिकाले वितरण गर्ने राहत सामग्रीको दररेट समेत नलिई व्यवसायीहरुवाट सिधै खरिद गरेकोले खरिद प्रतिस्पर्धि तथा मितव्ययी देखिएन ।	
७९.	**क्वारेन्टाइन खर्च —** कार्यालयले क्वारेन्टाइनमा बसेका व्यक्तिहरुलाई खाना नास्ता सहित व्यवस्थापन बापत रु. ३९,८०,२२७।- खर्च गरेको विवरण पेश भएकोमा विभिन्न फर्महरुबाट खाद्यान्न लगायतका सामानहरु सोझै खरिद गरेको छ । प्रकोप व्यवस्थापनको लागि सिधै खरिद गर्दा पनि व्यवसायीहरुसंग दर सम्झौता गरेर मात्र खर्च लेख्नु पर्दछ ।	
८०.	**असम्बन्धीत खर्च —**विपद् व्यवस्थापनको लागि स्थापना भएको कोषवाट भएको खर्च कारोना नियन्त्रण, उपचार तथा रोकथाम प्रयोजनमा मात्र खर्च गर्नुपर्नेमा कार्यालयले भौ.नं. ८०—२०७७।३।३१ वाट गौरी शंकर मा.विमा हिल कटिङ बापत रु. १२९०००।— खर्च लेखेको उचित नदेखिएको रु.	१२९०००/-
८१.	**जनप्रतिनिधिलाई प्रोत्साहन भत्ता —** कोरोना भाइरस (कोभिड—१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को बुँदा २ परिभाषा र व्याख्या अन्तर्गत बुँदा (छ) मा जोखिम व्यवस्थापनमा खटिने जनशक्ति सम्बन्धित व्याख्या छ । जस अनुसार स्थानीय तहका निर्वाचित पदाधिकारी प्रोत्साहन भत्ता पाउने पदाधिकारी नरहेको अवस्थामा गो.भौ.नं. २८०-२०७७।२।२५ बाट निम्नानुसारका पदाधिकारीले जोखिम भत्ता वापत रकम बुझिलिएको देखिएकोले कर कटाई भुक्तानी भएको रु.४,१२,२५०। असूल हुनुपर्ने रु.	४१२२५०/-

पद	भुक्तानी लिनेको नाम	दिन	दर	जम्मा रु.
उपाध्यक्षय	भिम कला बुढाथोकी	९०	५००	४५०००
वडाध्यक्ष	मति पुन	७०	५००	३५०००
	नेम बहादुर खड्का क्षेत्री	७०	५००	३५०००
	शिव प्रसाद के.सी	७०	५००	३५०००
	भरत कुमार थापा	७०	५००	३५०००
	यमलाल विष्ट क्षेत्री	७०	५००	३५०००
	कर्ण बहादुर रोका	७०	५००	३५०००
कार्यपालिका	खमिसरा बस्नेत	२०	५००	१००००

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

सदस्य	खौमली घर्ति क्षेत्री	२०	५००	१००००
	गौसरा घर्ति मगर	२०	५००	१००००
	टेक बहादुर सुनार	२०	५००	१००००
	लि तमा कामी वि.क	२०	५००	१००००
सदस्य	मिना घर्ति	१५	५००	७५००
	रमिता विटालु	१५	५००	७५००
	शिवराम घर्ति	१५	५००	७५००
	कमल बहादुर बुढाथोकी	१५	५००	७५००
	मनीकला पुन	१५	५००	७५००
	हरिकला कामी	१५	५००	७५००
	गोविलाल घर्तीमगर	१५	५००	७५००
	सुरज बहादुर खड्का	१५	५००	७५००
	दोसरी खड्का	१५	५००	७५००
	गौमला कामी	१५	५००	७५००
	जोख बहादुर पुन	१५	५००	७५००
	गोविन्द बहादुर खड्का	१५	५००	७५००
	मैसरा सुनार	१५	५००	७५००
	हिम बहादुर विष्ट	१५	५००	७५००
	नमे विष्ट	१५	५००	७५००
	चुनुकुमारी वि.क	१५	५००	७५००
	देविराम विष्ट	१५	५००	७५००
	गजे गुरुङ	१५	५००	७५००
	लालु कामी	१५	५००	७५००
	नरबहादुर पुन	१५	५००	७५००
	लिगम बहादुर रोका क्षेत्री	१५	५००	७५००
	रमिता वि.क	१५	५००	७५००
	हर्क नारायण गिरी	१५	५००	७५००
	नेपाले विश्वकर्मा	१५	५००	७५००
				४८५०००

८२.	**जोखिम भत्ता** - नेपाल सरकारद्वारा जारी भएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को बुंदा ७(ङ) मा कन्ट्र्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेनटिनमा खटिएका जनशक्तिलाई ५० देखी १०० प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ।कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मीलाई रु. १२,१०,०१०।- र प्रशासनिक कर्मचारीहरुलाई रु. ५,०४,९४०। र जनप्रतिनिधीको रु. ५,६५,०००।- समेत रु.२२,७९,९५०। जोखिम भत्ता खर्च लेखेको छ ।	
८३.	**खरिद व्यवस्थापन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(१)मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद ऐनको दफा ६६ वमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्कताको लिखित विवरण, गुणस्तर, परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपुर्तीकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मुल्यको लागि वार्ता गरी खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेश गरेको विवरण अनुसार देहाय अनुसारका मुख्य स्वास्थ्य सामाग्रीको खरिद दर लट अनुसार फरक रहेको छ ।उपयुक्त विधि अवलम्वन गर्न नसक्दा पिपिई सेट रु.९,०४०।- दर सम्मको र इन्फ्रारेड थर्मोमिटर ९,६९०।- दर सम्मको सोझै खरिद गरको छ । सम्पुर्ण सामाग्रीको मुल्य खुल्ने गरी खरिदको विवरण पेश गरेको छैन। कार्यालयले खरिद नियमावली वमोजिम विशेष परिस्थितिमा खरिद गर्ने प्रावधानको रुपमा पालना गरेको छैन्। यसको उदाहरण देहाय अनुसार रहेको छ;
<table>
<tr><th>सामानको नाम</th><th>स्पेशिफिकेशन</th><th>इकाई</th><th>परिमाण</th><th>दर</th><th>कुल रकम</th></tr>
<tr><td>पिपीई</td><td>नखुलेको</td><td>Piece</td><td>१५</td><td>९०४०</td><td>१३५६००</td></tr>
<tr><td>माक्स एन ९५</td><td>नखुलेको</td><td>Piece</td><td>२०</td><td>५६५</td><td>११३००</td></tr>
<tr><td>ग्लोब्स</td><td>नखुलेको</td><td>Piece</td><td>१०</td><td>७३५</td><td>७३५०</td></tr>
<tr><td>इन्फ्रारेड थर्मोमिटर</td><td>नखुलेको</td><td>Piece</td><td>८</td><td>९६९०</td><td>७७५२०</td></tr>
<tr><td>डिस्पोजेवल माक्स</td><td>नुखलेको</td><td>Piece</td><td>५००</td><td>१४</td><td>७०००</td></tr>
<tr><td>डिजिटल थर्मोमिटर</td><td>नखुलेको</td><td>Piece</td><td>१६०</td><td>२८३</td><td>४५२८०</td></tr>
<tr><td>भिटिएम किट</td><td>नखुलेको</td><td>Piece</td><td>३००</td><td>४५०</td><td>१३५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८४.</td><td>वार्षिक प्रतिवेदन — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>८५.</td><td>अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७५/७६ सम्मको बाँकी रहेको बेरुजु रु.२१८७३४२१।— मध्ये यो बर्ष रु. ६१८३०।- फछ्यौट गरी रु.२१८११५९१।- बाँकी रहेकोमा यस बर्ष रु.२५३७५१४४। थप भई रु.४,७१,८६,७३५।- पुगेको छ । बाँकी बेरुजु समयमै फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।
<table>
<tr><th>गत बर्षसम्मको फछ्यौट गर्न बाँकी रु.</th><th>यस बर्ष फछ्यौट रु.</th><th>बाँकी बेरुजु रु.</th><th>यो बर्षको सं.पबाट कायम बेरुजु रु.</th><th>यो बर्षको कायम बेरुजु रु.</th><th>बाँकी</th></tr>
<tr><td>२१८७३४२१</td><td>६१८३०</td><td>२१८११५९१</td><td>०</td><td>२५३७५१४४</td><td>४७१८६७३५</td></tr>
</table></td><td></td></tr>
</table>

लुङ्ग्री गाउँपालिका
सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७६/७७

अनुसुची-१

(रु. हजारमा)

क्र.स.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				मौजदात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	लुङ्ग्री गाउँपालिका	रोल्पा	१९४४३	२६७६२०	५५५६७	१००९	७०१४४	३९४३४०	१६४२५९	१०६०२५	११४४७६	३८४७६०	२९०२३

बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

अनुसुची-२

(रु. हजारमा)

क्र. स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	रोल्पा	लुङ्ग्री गाउँपालिका	९०	२४	५२७७४	०	८	२७३९९	९०	१६	२५३७५	१३३३	२२६६६	१३७५	०	०	२४०४१	०	०	०

अद्यावधिक बेरुजु स्थिती

अनुसुची-३

(रु. हजारमा)

क्र.स	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	लुङ्ग्री गाउँपालिका	रोल्पा	२१८७३	६२	२१८११	०	२५३७५	४७१८६